updated 12 June 2013

## चौतारी मिडिया अनुसन्धान फेलोसिप (सन् २००६-सन् २०१२)

### चौतारी मिडिया अनुसन्धान फेलोसिप के हो ?

मिडिया अनुसन्धान कार्यक्रमअन्तर्गत मार्टिन चौतारीले अनुसन्धानकर्ताहरूलाई नेपाली मिडियाको कुनै पनि पक्षबारे अनुसन्धान गर्नका लागि सन् २००६ देखि निश्चित रकम आर्थिक सहयोग गर्दैआएको छ । नेपाली मिडियासम्बन्धी अनुसन्धानलाई प्रवर्द्धन गर्ने र यसका विविध पाटाबारे अनुसन्धानमूलक स्रोत सामग्रीको उपलब्धता बढाउने उद्देश्यले यो कार्यक्रम ल्याइएको हो । यसमा मिडिया फेलोसिपमा छनोट हुने व्यक्तिलाई आर्थिक सहयोगका साथै, उक्त अनुसन्धानका आधारमा मार्टिन चौतारीको नियमित छलफल, सेमिनार वा अनुसन्धान सम्मेलनमा सार्वजनिक प्रस्तुति दिन लगाइन्छ । उनीहरूलाई नेपाली भाषामा तयार पारिएको कम्तीमा एउटा लेख प्रकाशन गर्नका लागि आवश्यक प्राज्ञिक कसरत पनि गराइन्छ । त्यसअन्तर्गत लेख लेख्न लगाउने, त्यसमा सम्पादकहरूले परिमार्जन र पुनर्लेखनका लागि सुझाव दिने र प्रकाशन योग्य बनाएर मार्टिन चौतारीको जर्नल वा पुस्तकमा प्रकाशन गर्ने गरिन्छ । यो फेलोसिप सुरुको दुई वर्ष विश्वविद्यालयमा शोधपत्र लेखिरहेका विद्यार्थीलाई मात्र लक्षित गरी दिइएको थियो । फेलोसिपको रकम प्रति व्यक्ति रु. २५,००० थियो (हेर्नुहोस् तालिका १ र २) । विश्वविद्यालयमा शोध प्रस्ताव स्वीकृत गराइसकेका शोधार्थीहरूबाट प्रस्ताव आह्वान गरी सोही प्रस्तावका आधारमा उत्कृष्ट छनोट गरी फेलोसिप दिइन्थ्यो ।

विश्वविद्यालयमा बुझाइएको शोधपत्रका आधारमा कम्तीमा एउटा जर्नल लेख तयार पार्नुपर्ने प्रावधान भए पनि सुरुका दुई वर्ष फेलोसिप पाउने ९ जनामध्ये २ जनाले मात्र केही चरणको पुनर्लेखनपश्चात प्रकाशनयोग्य लेख तयार गर्न सके । बाँकीले पहिलो मस्यौदा बुझाए पनि परिमार्जनका लागि आवश्यक तत्परता देखाएनन् । खास गरी विश्वविद्यालयमा बाध्यतावश गरिने शोध पुरा गरिसकेपश्चात अनुसन्धानलाई प्रकाशन गर्नेतर्फभन्दा अन्यत्र कार्यमा नै समय दिनुपर्ने वा दिन चाहने प्रवृत्ति देखियो । त्यसकारण शोधार्थीहरू जर्नल लेख प्रकाशनयोग्य हुँदासम्म परिमार्जनका लागि तयार नहुने गरेको पाइयो । यसले गर्दा सन् २००८ देखि शोधार्थीमात्र भन्दा पनि स्वतन्त्र रुपले अनुसन्धान गर्न चाहने व्यक्तिलाई समेत फेलोसिप कार्यक्रममा समावेश गर्ने गरी प्रस्ताव आह्वान गरियो । त्यस वर्ष ४ जना शोधार्थी र ४ जना स्वतन्त्र अनुसन्धानकर्ता गरी ८ जनालाई फेलोसिप प्रदान गरियो । प्रत्येकले रु. ४०,००० का दरले फेलोसिप पाएका थिए । सन् २००९ र २०१० मा भने क्रमश: ६ र ३ जना स्वतन्त्र अनुसन्धानकर्तालाई मात्र प्रति व्यक्ति रु. ५०,००० का दरले फेलोसिप दिइयो । सन् २०११ मा आएर अनुसन्धान गर्नका लागि नभई अनुसन्धान गरिसकेका शोधार्थीहरूलाई लक्षित गरी उनीहरूका शोधपत्रलाई अनुसन्धानमूलक लेखमा रुपान्तरण गर्नका लागि फेलोसिप दिने योजना बनाई त्यसैअनुसार प्रस्ताव आह्वान गरियो । सन् २०११ मा ५ जना शोधार्थीहरू छनोट भएकामध्ये एक जनाले पहिलो ड्राफ्ट नै बुझाएनन् भने बाँकी चारमध्ये २ जनाले मात्र प्रकाशनयोग्य लेख तयार पार्न सके । दुवै लेख *मिडिया अध्ययन* ७ मा छापिएको छ (हेर्नुहोस् तालिका १ र २) । सन् २०१२ मा पनि चार जनासम्म शोधार्थीलाई फेलोसिप दिने उद्देश्यले सार्वजनिक सूचना आह्वान गरिएको थियो । जम्मा ९ जनाको मात्र आवेदन पर्न आयो भने तीमध्ये एक जनामात्र छनोट गर्न सकियो ।

खास गरी फेलोसिपका लागि प्रस्ताव आह्वान गर्दा ५ वा १० जनालाई फेलोसिप प्रदान गरिने भनेर निश्चित संख्या तोकिए पनि प्रस्तावको गुणस्तर हेरेर त्यसका आधारमा योग्य ठानिएका व्यक्तिलाई मात्र फेलोसिप प्रदान गर्ने गरिएको छ । त्यसो हुँदा फेलोसिप पाउनेको संख्या हरेक वर्ष र सम्बन्धित वर्षमा निकालिएको प्रस्ताव आह्वानको सूचनामा

तोकिएकोभन्दा केही तलमाथि भएको छ । यसरी सन् २०१२ सम्ममा जम्मा ३२ जनाले चौतारी मिडिया फेलोसिप प्राप्त गरिसकेका छन् (हेर्नुहोस् तालिका २) । तीमध्ये २२ जना पुरुष र १० जना महिला छन् ।

**तालिका १ : सन् २००६-२०१२ सम्म प्रदान गरिएको फेलोसिपको विवरण**

| **वर्ष ( सन्)** | **फेलोसिपको रकम** | **आवेदकको संख्या** | **पाउनेको संख्या** | **छापिएका लेखको संख्या र छापिएको स्थान** | **कैफियत** |
|---|---|---|---|---|---|
| २००६ | २५ हजार | ३१ | ५ | १ (*मिडिया अध्ययन* १) | प्रस्ताव पेश गर्ने मध्ये २५ जना त्रिभुवन विश्वविद्यालयका विद्यार्थीहरू थिए भने ६ जना पुर्वाञ्चल विश्वविद्यालयका विद्यार्थीहरू थिए । |
| २००७ | २५ हजार | १७ | ४ | १ (*मिडिया अध्ययन* ३) | प्रस्ताव पेश गर्ने मध्ये १२ जना त्रिभुवन विश्वविद्यालय र ६ जना पुर्वाञ्चल विश्वविद्यालयका विद्यार्थीहरू थिए । |
| २००८ | ४० हजार | ५३ | ८ | २ (*मिडिया अध्ययन* ४) र<br>२ (*स्वतन्त्र रेडियोको एक दशक : विकास बहस र सामाजिक सरोकार*) | ४० जना विद्यार्थी र १३ जना स्वतन्त्र अनुसन्धाताले प्रस्ताव पेश गरेका थिए । |
| २००९ | ५० हजार | ३२ | ६ | १ (*मिडिया अध्ययन* ५) र २ (*मिडिया अध्ययन* ६) | फेलोसिप पाउने ६ जनामध्ये १ जना अनुसन्धान गर्दागर्दै उच्च अध्ययनका लागि विदेश जानु परेकोले अनुसन्धान सम्पन्न गर्न असमर्थता जनाएको । |
| २०१० | ५० हजारदेखि १ लाखसम्म | १९ | ३ | २ (*मिडिया अध्ययन* ६) र १ (*मिडिया अध्ययन* ७) | अनुसन्धानको प्रकृति हेरेर फेलोसिप रकम रु. ५०,००० मात्र प्रदान गरिएको |
| २०११ | २५,००० | ९ | ५ | २ (*मिडिया अध्ययन* ७) | फेलोसिप पाउनेमध्ये १ जनाले पहिलो मस्यौदा नै नबुझाएको । |
| २०१२ | २५,००० | ९ | १ | – | तोकिएको समयभित्र मस्यौदा प्राप्त नभएको |

## आवेदन र छनोट प्रकृया

मार्टिन चौतारीले फेलोसिपका लागि आवेदन आह्वान गर्दा सन् २०११ र सन् २०१२ बाहेक हरेक वर्ष ब्रोडशिट दैनिकमा सूचना निकाल्ने गर्दथ्यो । त्यसका अलावा सबै वर्षहरूमा विभिन्न क्याम्पस तथा सार्वजनिक स्थलमा सूचना टाँस गर्ने, चौतारीको वेवसाइटबाट तथा इमेलमार्फत् सूचित गर्ने, चौतारीका छलफल कार्यक्रममा आउने सहभागीहरूलाई जानकारी गराउने जस्ता विधिबाट फेलोसिपका लागि आवेदन दिन आह्वान गरिएको छ । फेलोसिपका लागि सूचना निकालिने समय हरेक वर्ष उही भने छैन । दातृ संस्थाको सहयोगमा परियोजनामा आधारित

हुनाले आयोजना स्वीकृत हुने समयमा भर पर्नाले यसो भएको हो । यद्यपि पछिल्ला वर्षहरूमा भने प्रायः नेपाली आर्थिक वर्षको पहिलो त्रैमासिकभित्र अनुसन्धान सुरु गर्ने गरी सूचना निकालिएको छ । अनुसन्धान वा लेखनका लागि प्रायः ४ देखि ६ महिनाको समय तोक्ने गरिन्छ ।

आवेदकको संख्या हेर्दा यस कार्यक्रममा कुनै वर्ष केही बढी उत्साहजनक सहभागिता पाइयो भने कुनै वर्ष सोचेभन्दा कम संख्यामा आवेदन पर्न आए (हेर्नुहोस् तालिका १) । फेलोसिपको प्रकृति परिवर्तन गरिएकाले सन् २०११ मा फेलोसिपको रकम पहिलो वर्षभन्दा आधाले कटौती गरियो । त्यसैले गर्दा पनि हुनसक्छ वा पत्रिकामार्फत विज्ञापन नगरिएको कारणले आम शोधकर्तामा सूचना पुग्न नसकेका कारणले पनि हुनसक्छ सन् २०११ मा अनुमान गरिएभन्दा निकै कम संख्यामा आवेदन पर्न आयो । साथै, कतिपय शोधार्थीहरूमा विश्वविद्यालयमा बाध्यात्मक अवस्थामा जसोतसो गरेर बुझाइएको शोधपत्रबाट जर्नल लेख तयार गर्नसक्छु भन्ने विश्वास नभएर पनि यसतर्फ आकर्षित नहुनु अर्को कारण हुनसक्छ । त्यसैले सन् २०११ मा १० जनासम्मलाई फेलोसिप प्रदान गर्ने भन्ने सूचना जारी गरिए पनि ९ जनाको मात्र आवेदन पर्न आयो र त्यसबाट ५ जनामात्र छान्न सकियो । सन् २०१२ मा पनि अपेक्षा गरिएअनुरूप आवेदन परेन; जम्मा एक जना मात्र छनोट गरियो ।

अघिल्ला वर्षमा आवेदकहरूबाट शोध वा अनुसन्धान प्रस्ताव माग्ने गरिएकोमा सन् २०११ मा फेलोसिपको उद्देश्यमा परिवर्तन गरिएकाले तयार भइसकेको शोधपत्रको बारेमा लेखिएको एक हजार शब्दको निबन्ध मागियो । प्रायःजसो मार्टिन चौतारीको मिडिया अनुसन्धान समूहका सदश्यहरूले प्रस्ताव वा निबन्धको मिहिन अध्ययन गरी प्रारम्भिक र अन्तिम छनोट गर्ने कार्य गरे । सन् २००७ र २००८ मा भने बाहिरबाट विज्ञहरूलाई छनोट समितिमा चयन गरी उनीहरूबाट अन्तिम छनोट कार्य गरियो । छनोट गर्दा प्रायः प्रस्तावकै अध्ययन र आवश्यकताअनुसार आवेदकसँग अन्तर्वार्ता विधि पनि अपनाइएको थियो ।

**तालिका २ : सन् २००६ देखि २०१२ सम्ममा फेलोसिप पाएका व्यक्ति, अनुसन्धान शीर्षक र संलग्नता**

| क.सं. | शोधार्थी/ अनुसन्धानकर्ता | अनुसन्धानको विषय | संलग्नता |
|---|---|---|---|
| **सन् २००६** | | | |
| १. | कमलराज सिग्देल | Male Gaze and Ideological Formations in Nepalese Television Commercials. | अंग्रेजी केन्द्रीय विभाग, त्रिवि |
| २. | सुभद्रा गौतम | HIV/AIDS and Media: An analytical study of broadsheet dailies on HIV/AIDS and their impact on audience. | सीजेएमसी, पूर्वाञ्चल विश्वविद्यालय |
| ३. | भोजनारायण श्रेष्ठ | Community Radio Performance and Audience Attitude: A Case study of Radio Sagarmatha. | पत्रकारिता केन्द्रीय विभाग, आरआर क्याम्पस, त्रिवि |
| ४. | उपासना घिमिरे | नेपाली पत्रकारितामा कार्टुन चित्रको स्थानः छापा पत्रकारिताको एक अध्ययन | पत्रकारिता केन्द्रीय विभाग, आरआर क्याम्पस, त्रिवि |
| ५. | रञ्जु केसी | Foreign Investment in Print Media | पत्रकारिता केन्द्रीय विभाग, आरआर क्याम्पस, त्रिवि |
| **सन् २००७** | | | |
| ६. | खिमप्रसाद घले | मिलिटरी र मिडियाको सम्बन्ध नेपाली सन्दर्भको एक अध्ययन | पत्रकारिता केन्द्रीय विभाग, आरआर क्याम्पस, त्रिवि |

| | | | |
|---|---|---|---|
| ७. | लक्ष्मी खतिवडा | गोरखापत्रका माध्यमबाट नेपाली भाषा तथा साहित्यको विकासमा योगदान दिने महिला साहित्यकारहरूको सर्वेक्षण (२००७-०६२) | नेपाली केन्द्रीय विभाग, त्रिवि |
| ८. | कृष्ण पौडेल | नेपाली समाचार पत्रिकामा शीर्षकः एक भाषा वैज्ञानिक विश्लेषण | भाषाविज्ञान केन्द्रीय विभाग, त्रिवि |
| ९. | अनिल थापा क्षेत्री | शान्ति प्रक्रियामा आमसञ्चार माध्यमको भूमिका | पत्रकारिता केन्द्रीय विभाग, आरआर क्याम्पस, त्रिवि |
| **सन् २००८** | | | |
| १० | अञ्जना वैद्य श्रेष्ठ | Impact of Media on Foreign Employment & Women Migrant Worker | समाजशास्त्र तथा मानवशास्त्र विभाग, पाटन संयुक्त क्याम्पस, त्रिवि |
| ११ | विद्या चापागाईं | Role of Nepalese Media for Transitional Justice | पत्रकारिता केन्द्रीय विभाग, आरआर क्याम्पस, त्रिवि |
| १२ | लेखनाथ पाण्डे | पाठक स्तम्भः जनताको साझा मञ्च | पत्रकारिता केन्द्रीय विभाग, आरआर क्याम्पस, त्रिवि |
| १३ | हरिकृष्ण डंगोल | लोकतान्त्रिक आन्दोलन (२०६२/२०६३) मा नेपालभाषाका खबरपत्रिकाको भूमिका | नेपाल भाषा केन्द्रीय विभाग, त्रिवि |
| १४ | दुबि नन्द ढकाल | A Discourse Analysis of Nepali Newspaper Texts | स्वतन्त्र |
| १५ | हरिकला अधिकारी | रेडियो अन्तर्वार्ताको भाषा : लैङ्गिक अध्ययन | स्वतन्त्र |
| १६ | जेबी विश्वकर्मा | Dalit in community Radio: Policy, Leadership and Programs | स्वतन्त्र |
| १७ | रैनुकुमारी गुरुङ | Posture of Women in Nepali Print Media: A Comparative Study of Khas, Adivasi Janajati and Dalit Women, 1 July 2007-30 June 2008 | स्वतन्त्र |
| **सन् २००९** | | | |
| १८. | इन्द्रध्वज क्षेत्री | Tabloidization of Nepali Press: Changing Contents and Layouts in Broadsheet Dailies of Nepal | स्वतन्त्र |
| १९. | सफल घिमिरे | Impact of ICT on the Rural Livelihood | स्वतन्त्र |
| २०. | कमलराज सिग्देल | Media and representation: A study in the dynamics of visuality in print media | स्वतन्त्र |
| २१. | स्वेता सिंह | Media and Disability in Nepal: A Need of an Inclusive Approach | स्वतन्त्र |

| | | | |
|---|---|---|---|
| २२. | विक्रम शेरचन | On Inclusion: FMs in Kailali District | स्वतन्त्र |
| २३. | दीपक अर्याल | नेपाली भाषामा प्रकाशित पत्रपत्रिकाहरूको विवरणात्मक अध्ययन (वि.सं. २००८-२०१३) | स्वतन्त्र |
| **सन् २०१०** | | | |
| २४ | टङ्क उप्रेती | नेपाली वृत्तचित्रमा महिला उपस्थिति | स्वतन्त्र |
| २५. | निर्मलमणि अधिकारी | Readability of editorials in Nepali Broadsheet Dailies | स्वतन्त्र |
| २६. | यकीन्द्र तिमिल्सिना | कैलालीका एफएम रेडियोमा स्थानीय सामग्री | स्वतन्त्र |
| **सन् २०११** | | | |
| २७ | अच्युत अर्याल | Coverage of Tibetan Refugees in Nepali Print Media | पत्रकारिता केन्द्रीय विभाग, आरआर क्याम्पस, त्रिवि |
| २८ | पदमराज जोशी | डँडेलधुराका दैनिक पत्रिकामा ग्रामीण समाचारको स्थिति | कान्तिपुर सिटी कलेज, पूर्वाञ्चल विश्वविद्यालय |
| २९ | मीरा राजभण्डारी अमात्य | Press Freedom as a Component of Good Governance in Nepal after Comprehensive Peace Accord 2063: An Analysis. | जनप्रशासन केन्द्रीय विभाग, त्रिवि |
| ३० | मोदनाथ ढकाल | The Role of Local FM Radio in the Formation of Opinion Towards Democracy During The April Movement 2006 in Nepal | आमसञ्चार अध्ययन संस्थान, पञ्जाव विश्वविद्यालय, पाकिस्तान |
| ३१ | सुधन ढुङ्गाना | Aesthetics of Cartoon | अङ्ग्रेजी केन्द्रीय विभाग, त्रिवि |
| ३२ | बल बहादुर थापा | Nationalism's Appropriation of Modernity in Anagarik and Maitighar. | अङ्ग्रेजी केन्द्रीय विभाग, त्रिवि |

**अनुभव र सिकाइ**

माथि उल्लेख भएझैं नयाँ पुस्तालाई मिडिया अनुसन्धानमा आकर्षित गर्ने नै यस फेलोसिप कार्यक्रमको प्रमुख उद्देश्य हो । केहीबाहेक अधिकांश आवेदनहरू विश्वविद्यालयका विद्यार्थी तथा पत्रकारिता क्षेत्रमा सक्रिय युवा पत्रकारहरूकै परेको छ । पहिलो र दोस्रो वर्ष शोधपत्र लेख्ने धुनमा रहेका विद्यार्थीलाई फेलोसिप प्रदान गरिएकाले त्यसमा अनुसन्धानको पूर्व अनुभव शुन्य भएका व्यक्तिहरू पर्नु स्वाभाविक थियो । तेस्रो वर्ष अर्थात् सन् २००८ देखि स्वतन्त्र अनुसन्धानकर्तालाई समावेश गराइँदा भने कम्तीमा पनि एउटा अनुसन्धानमा पहिले नै संलग्न भइसकेको व्यक्ति हुनुपर्ने प्रावधान राखियो । त्यसैले अनुसन्धान प्रस्तावसँगै पहिले गरेको अनुसन्धान कार्यको कम्तीमा एउटा नमूना पेश गर्न आग्रह गरियो । अनुसन्धान कार्यप्रति केही लगाव भएको तथा यसलाई केही हदसम्म निरन्तरता दिने सोचाइ राख्ने व्यक्तिलाई समेट्न सकिन्छ भन्ने आशय यसभित्र लुकेको थियो । र, यसो हुँदा फेलोसिपको उपयोगिता बढ्न सक्ने अनुमान थियो । यसो गर्दा पहिलेको तुलनामा अनुसन्धानप्रति संवेदनशील र निरन्तरता दिने सोचाइ भएका व्यक्तिहरू केही बढी आए पनि अनुसन्धानको उपजको रुपमा अनुमान गरिएजसरी सबैको अनुसन्धानमूलक लेख प्रकाशन हुन भने सकेन । सन् २००६ देखि २०१२ सम्म जसरी ३२ जना व्यक्तिले फेलोसिप प्राप्त गरे जम्मा १४ जना व्यक्तिको लेखमात्र छापिन सक्यो (छापिएका लेखको विवरण तालिका ३ मा हेर्नुहोस्) । फेलोसिपलाई केही भए पनि आर्थिक सहयोग प्राप्त गर्ने अवसरको रुपमा मात्र हेर्ने र आफ्नो अनुसन्धान लेखनलाई गुणस्तरीय बनाउन भने फेलोसिप पाउने अनुसन्धानकर्ताहरू संवेदनशील नहुने प्रवृत्ति देखियो, जुन मार्टिन चौतारीको उद्देश्य अनुरुप थिएन । हुनतः सबै जनाले

शोधपत्र वा अनुसन्धान प्रतिवेदन तयार पारेर चौतारीमा बुझाएका छन् तर सबैले गरेका अनुसन्धानको उपज प्रकाशित रुपमा बाहिर नआएकोले यस फेलोसिप कार्यक्रम आशातित रुपमा सफल हुन भने सकेको छैन ।

**तालिका ३ : फेलोसिपअन्तर्गत गरिएका अनुसन्धानमा आधारित भई प्रकाशित लेखको विवरण**

| **क.सं.** | **लेखकको नाम (फेलोसिप पाएको वर्ष)** | **लेखको शीर्षक** | **प्रकाशित स्थान, पेज र प्रकाशन वर्ष** |
|---|---|---|---|
| १. | कमलराज सिग्देल (सन् २००६) | टेलिभिजन विज्ञापनमा हेराइबीचको द्वन्द्व, शक्तिको अभ्यास र आइडियोलोजीको निर्माण | *मिडिया अध्ययन* १ : ४१-७१ (सन् २००६) |
| २. | अनिल थापा क्षेत्री (सन् २००७) | शान्ति प्रकृयामा दैनिक पत्रिकाको भूमिका | *मिडिया अध्ययन* ३ : १३१-१५६ (सन् २००८) |
| ३. | जेबी विश्वकर्मा (सन् २००८) | रेडियो प्रसारणमा दलित : कार्यक्रमका विषय र अवस्था | *स्वतन्त्र रेडियोको एक दशक : विकास, बहस र सामाजिक सरोकार,* पृ. २४२-२७६ (सन् २००८) |
| ४. | हरिकला अधिकारी (सन् २००८) | रेडियो अन्तर्वार्तामा नेपाली महिलाको संवाद शैली | *स्वतन्त्र रेडियोको एक दशक : विकास, बहस र सामाजिक सरोकार,* पृ. १७३-२१० (सन् २००८) |
| ५. | हरिकृष्ण डंगोल (२००८) | लोकतान्त्रिक आन्दोलनमा नेपाल भाषाका खबरपत्रिका | *मिडिया अध्ययन* ४ : ४७-७३ (सन् २००९) |
| ६. | दुबि नन्द ढकाल (सन् २००८) | नेपाली अखबारका पाठहरूको सङ्कथन विश्लेषण | *मिडिया अध्ययन* ४ : १८५-२०६ (सन् २००९) |
| ७. | इन्द्रध्वज क्षेत्री (सन् २००९) | ब्रोडशिट दैनिकमा व्यापारिक समाचारको अर्थराजनीति | *मिडिया अध्ययन* ५ : ११५-१३३ (सन् २०१०) |
| ८. | सफल घिमिरे (सन् २००९) | ग्रामीण जीविकामा सूचना प्रविधिको प्रभाव : नाङ्गी गाउँको अध्ययन | *मिडिया अध्ययन* ६ : १५-३९ (सन् २०११) |
| ९. | टंक उप्रेती (सन् २०१०) | नेपाली वृत्तचित्रमा महिलाको सवाल, चित्रण र सहभागिता | *मिडिया अध्ययन* ६ : ८९-११२ (सन् २०११) |
| १०. | दीपक अर्याल (सन् २००९) | नेपाली भाषामा प्रकाशित पत्रपत्रिका (वि.सं. २००८-२०१३) | *मिडिया अध्ययन* ६ : १३१-१४८ (सन् २०११) |

| | | | |
|---|---|---|---|
| ११. | निर्मलमणि अधिकारी (सन् २०१०) | दैनिक पत्रिकामा सम्पादकीयको पठनियता | *मिडिया अध्ययन* ६ : ११३-१२९ (सन् २०११) |
| १२. | एकिन्द्र तिमिल्सिना (सन् २०१०) | कैलालीका रेडियोमा स्थानीय सामग्री | *मिडिया अध्ययन* ७ : १९१-२१६ |
| १३. | अच्युत अर्याल (सन् २०११) | नेपाली छापामा तिब्बती शरणार्थीको कभरेज | *मिडिया अध्ययन* ७ : १२५-१४० |
| १४. | पदमराज जोशी (सन् २०११) | डँडेलधुराको पत्रकारिता : दैनिक अखबारबारे अध्ययन | *मिडिया अध्ययन* ७ : २१७-२३२ |